annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १३ पृष्ठ १० | काठमाडौं, बुधबार २ जेठ २०८१ | वैशाख शुक्लपक्ष सप्तमी, नेपाल संवत् ११४४ | WEDNESDAY, MAY 15, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

आशा जगाउने नीति तथा कार्यक्रम

सरकारले २०८१/०८२ आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्बाट मंगलबार बिहान पारित भएको नीति तथा कार्यक्रम अपराह्न राष्ट्रपति रामचन्द्र पौडेलले संसद्को दुवै सदन समक्ष प्रस्तुत गरेका हुन्।

सुनिता कार्की/ममता थापा | *काठमाडौं*

- को रिपोर्ट

समाचार पृष्ठ २

वर्तमान अर्थतन्त्रको वस्तुस्थिति

नेपाल राष्ट्र बैंकको तथ्यांक

कुल विदेशी विनिमय सञ्चिति:
१९ खर्ब ११ अर्ब ८६ करोड रुपैयाँ

रेमिटयान्स:
१० खर्ब ८२ अर्ब ६२ करोड (१९.८% वृद्धि)

कुल वस्तु आयात:
११ खर्ब ६७ अर्ब ३७ करोड कायम (२.८% कमी)

निर्यात
१ खर्ब १३ अर्ब ९५ करोड

शोधनान्तर बचत:
३ खर्ब ६५ अर्ब १६ करोड

चालु खाता बचत:
१ खर्ब ७९ अर्ब ४८ करोड

महालेखा नियन्त्रक कार्यालयको तथ्यांक

कुल बजेट:
१७ खर्ब ५१ अर्ब

बजेट खर्च:
१० खर्ब ५६ अर्ब (लक्ष्यको ६०%)

चालु खर्च:
७ खर्ब ५२ अर्ब (लक्ष्यको ६५.९१%)

पुँजीगत खर्च:
१ खर्ब ११ अर्ब (लक्ष्यको ३७.०७%)

राजस्व संकलन:
८ खर्ब ४६ अर्ब (लक्ष्यको ५७.२१%)

वैदेशिक अनुदान:
२ अर्ब ७५ करोड (लक्ष्यको ५.५२%)

सरकारको नीति तथा कार्यक्रम घोषणा गर्दै राष्ट्रपति रामचन्द्र पौडेल। ● अशोक दुलाल

नीति तथा कार्यक्रमको आकर्षण

- संघीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन शीघ्र निर्माण गरिने
- राजस्वका थप क्षेत्र पहिचान गरी विस्तार गरिने
- खरिद कानुनमा पुनरावलोकन गरिने
- एकीकृत राष्ट्रिय यातायात गुरुयोजना तयार गरिने
- 'कृषिमा लगानी दशक' घोषणा
- खाद्य प्रशोधन उद्योग स्थापना
- 'हिमाल समृद्धि कार्यक्रम' सञ्चालन गरिने
- १५ हजार ५ सय हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गरिने
- ५ वर्षभित्र फलफूलमा आत्मनिर्भर बनाइने
- 'एकीकृत कर्णाली सिँचाइ विशेष कार्यक्रम' कार्यान्वयन गरिने
- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक निर्माण २०८३ सालभित्र सम्पन्न गरिने
- नागढुंगा सुरुङमार्ग र ग्वार्को ओभरपास सञ्चालनमा ल्याइने
- ५ लाख भूमिहीन, सुकुमबासीको समस्या समाधान गरिने
- चुरे र भित्री मधेसमा १० जलाशय निर्माण गरिने
- काठ तथा काष्ठजन्य वस्तुको आयात प्रतिस्थापन गरिने
- 'समृद्ध कर्णाली उद्यमशीलता कार्यक्रम' सञ्चालन गरिने
- 'राष्ट्रपति जलवायु परिवर्तन व्यवस्थापन कार्यक्रम' सञ्चालन गरिने

नीति तथा कार्यक्रम परम्परावादी र अलिकति नयाँपन

डा.डिल्लिराज खनाल

इजलास

सम्पूर्ण मग्रमा सरकारको नीति तथा कार्यक्रम एक प्रकारको मिश्रित, परम्परावादी र अलिकति नयाँपन दिन खोजिएको छ। तर, अहिले जुन किसिमको अर्थतन्त्रका समस्याहरू छन्। त्यसलाई ठोस रूपमा सम्बोधन गर्नेभन्दा पनि थोरै नयाँ ल्याएर हल गर्न खोजिएको छ। तर जुन किसिमको अपेक्षा, ब्रेक थ्रु र क्रमभंगता गर्ने खालको आउला भन्ने आशाअनुसार अझै आएन। यसभित्र छरपष्ट ढंगले नीति र कार्यक्रम आएको छ। यसले अझ बजेटलाई व्यवस्थित गरेर परिणाममुखी, चुस्त दुरुस्त हिसाबले ल्याउन कार्यक्रमले अलि जटिलता थपेको देखियो। यद्यपि अहिले देखिएका केही समस्यालाई कानुनी, नीति तथा कार्यक्रमलाई सम्बोधन गरेको छ। लघुवित्त, सहकारीमा आएका समस्यालाई सम्बोधन गरिएको छ। क्षेत्रगत रूपमा कृषिलाई लगानी दशक मनाउने पक्ष एकदम उचित छ।

सरकारको कार्यान्वयन गर्ने क्षमता कति छ भन्नेतिर पनि राम्रोसँग ध्यान दिइएन। अलि बढी छरिएर आएको छ। प्राथमिकीकरणमा हिजो सरकारका साझा कार्यक्रममा पनि आएको थियो। समृद्धि, न्याय र सुशासनलाई जोड दिएको थियो। यसलाई केन्द्रभागमा राखेर समष्टिगत, क्षेत्रगत र सूक्ष्मगत नीतिहरूलाई सुनिश्चित गर्ने गरी हुनुपर्छ। अन्तरसम्बन्धित नीति तथा कार्यक्रमलाई एउटै मालामा राखेर आउनुपर्थ्यो। अझ संघ र प्रदेशमा कन्फ्युज हुनेछ। कुनै कार्यक्रलाई प्रदेश, संघ वा स्थानीय तह मिलेर गर्ने भनिएकोमा स्पष्ट भएन। कतिपय लगानीसँग जोडिएका सानासाना कार्यक्रमहरू निजीक्षेत्रसँग अथवा साझेदारीमा भनेर आएको उचित हो। यो धेरै छरिएर आएकाले अब यसमा टेकेर बजेट आउँदा अलि महाभारत पर्ने देखिन्छ। चुस्त, दुरुस्त, छरितो ढंगले परिणाममुखी हुने गरी आउनुपर्थ्यो। यसैले न्यूनतम साझा कार्यक्रमले प्राथमिकतामा राखेको कृषि, ऊर्जा, पर्यटन, हरीत अर्थतन्त्र, उत्पादन र रोजगारी लगायतलाई राखेको थियो।

(खनाल अर्थविद् हुन्।)

प्राइम बहुउद्देश्यीय सहकारी ठगी

डेढ अर्ब अपचलनमा ८ पक्राउ

कृष्णमणि बराल | *पोखरा*

पोखराको गैरपाटनस्थित प्राइम बहुउद्देयीय सहकारी संस्था लिमिटेडका बचतकर्ताको रकम हिनामिना प्रकरणमा जिल्ला प्रहरी कार्यालय कास्कीले मंगलबार ८ जनालाई पक्राउ गरेको छ।

उक्त सहकारीको १ अर्ब १५ लाख ८ हजार १ सय ४२ रुपैयाँ ५० पैसा रकम अपचलन तथा हिनामिना गरेको भन्ने सहकारी रजिष्ट्रारको कार्यालय पोखराको पत्र जाहेरीका आधारमा सहकारीका पूर्व र वर्तमान पदाधिकारी तथा कर्मचारी गरी ८ जनालाई कास्की प्रहरीले पक्राउ गरेको हो।

सहकारी रजिस्ट्रारको कार्यालय गण्डकी प्रदेश पोखराले पत्र पठाइ मंगलबार सहकारी ऐन, २०७४ बमोजिम अनुन्धान गरी दिन अनुरोध गरेको पत्रको आधारमा जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरी टोलीले ८ जनालाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा सहकारीका निवर्तमान अध्यक्ष निदेशप्रसाद कोइराला, अध्यक्ष शंकर कार्की, सहकारी व्यवस्थापक निरु थापा केसी, कर्मचारी सुरेन्द्रमणि पौडेल, कानुनी सल्लाहाकार इन्द्रप्रसाद बराल, पूर्वकोषध्यक्ष कुलदिप भट्टराई, कर्जा अधिकृत सुनील थापा र सेयर सदस्य एवं सल्लाहकार मानबहादुर गुरुङ रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी बसन्तकुमार शर्माले जानकारी दिए।

बचत कर्तालाई उजुरीका लागि आह्वान

कास्की प्रहरीले सहकारीका बचतकर्तालाई उजुरीका लागि मंगलबार नै सार्वजनिक सूचनामार्फत आह्वान गरेको छ। सहकारी रजिस्ट्रारको कार्यालय गण्डकीले प्राइम सहकारीमा बचतकर्ताको बचत हिनामिना भएको भन्ने पत्राचार प्रहरीलाई गरेको थियो। यसैको आधारमा कास्की प्रहरीले प्रमाण खुल्ने कागजातसहित उजुरी दिन बचतकर्तालाई आह्वान गरेको हो। जेठको २० गतेभित्र उजुरी दिन प्रहरीले भनेको छ। सहकारी पदाधिकारी तथा सञ्चालकले बचतकर्ताको बचत फिर्ता नगरी हिनामिना गरेको गुनासो गरेका थिए। सहकारीमा बचतकर्ताको कति रकम हिनामिना भएको हो भन्नेचाहिँ खुलिसकेको छैन।

भारतमा आँधीका कारण १४ को मृत्यु

नयाँ दिल्ली (रासस/सिन्ह्वा): भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रमा सोमबार राति आएको विशाल आँधीबेहरी र वर्षाका कारण कम्तीमा १४ जनाको मृत्यु हुनुका साथै करिब ७५ जना घाइते भएका छन्।

आँधीबेहरी र वर्षाका कारण ठूलो विज्ञापन बोर्ड खस्दा उक्त घटना घटेको नागरिक एजेन्सीका अधिकारीले फोनमा पुष्टि गरेका छन्। उक्त घटना देशको आर्थिक राजधानी मुम्बईको घाटकोपर क्षेत्रमा भएको हो। सामाजिक सञ्जालमा साझार गरिएका श्रव्यदृश्य सामग्रीहरूमा हावाहुरीबाट बच्न ठूलो विज्ञापन बोर्डको मुनि धेरै कार तथा अन्य सवारी साधनहरूमा मानिसहरू आश्रय लिएरहेका देखाइएको छ।

इन्धन स्टेसनको छेउमा जडान गरिएको उक्त विज्ञापन बोर्ड तीव्र गतिको हावाहुरीका कारण क्षतिग्रस्त भई खसेको थियो। पीडितहरू आँधी र वर्षाको बिचमा इन्धन स्टेसनमा शरण लिइरहेको अवस्थामा उक्त दुर्घटना हुदाँ ठूलो संख्यामा मानिसहरूको ज्यान गएको स्रोतले जनाएको छ। स्थानीय प्रहरी र अग्नि नियन्त्रक कर्मचारीहरूले विज्ञापन बोर्डको मुनिबाट मानिसहरूको उद्धार गरी स्थानीय अस्पतालमा लगेका थिए।

अस्ताए ऐतिहासिक ज्ञानका मणि

गोपीकृष्ण ढुंगाना | *काठमाडौं*

'इतिहास भनेको आफ्नो देशलाई हेर्ने र चिन्ने आँखा हो', इतिहासकार ज्ञानमणि नेपालले देश र इतिहासबारे डेढ दसकअघि अन्नपूर्णसँगको कुराकानीमा भनेका थिए, 'जब मानिसले इतिहास बिर्सन्छ वा इतिहास जान्दैन तब उसले आफ्नै देशलाई समेत बिर्सन्छ।'

प्राचीन र मध्यकालीन इतिहासबारेको गहिरो ज्ञान भएका उनै ज्ञानमणि नेपालको मंगलबार निधन भएको छ। लामो समयदेखि मुटुको रोगलगायत केही स्वास्थ्य समस्या झेल्दै आएका उनको शुक्रबारदेखि मनमोहन कार्डिओभास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरमा उपचार चलिरहेको थियो। त्यसअघि सिभिल अस्पतालमा उपचार गरिरहेका उनलाई गंगालाल अस्पताल पुऱ्याइएको थियो। अन्तिम समयमा उनमा मिर्गौलाको समस्या देखिएको थियो।

'हाम्रो देशमा इतिहास पढ्ने पढाउने लेख्ने प्रवृत्ति छुटेर गएको हुनाले हामी आफ्ना देशको इतिहासदेखि अनभिज्ञ भयौं। हाम्रो देशमा इतिहास पढ्ने लेख्ने कुरा छुट्यो', नेपालले 'यस्तो छ नेपालमा इतिहास लेखनको १५ सय वर्षे यात्रा' शीर्षकको लेखमा लेखेका थिए, 'हाम्रा पुर्खाले के गर्दा देशको उत्थान गरेथे, के गर्दा वा के कुरा बिराउँदा उनको अधस्पतन भएथ्यो भन्ने कुरा जान्न र जानेर त्यसबाट सबक सिकेर भविष्यमा पाइला चाल्न र वर्तमान सम्हाल्न पनि हामी इतिहासकै अध्ययन मननबाट समर्थ बन्दछौं।' यसरी उनी देश जोगाउन र चलाउन इतिहासको सहारा लिनुपर्छ जुन प्रामाणिक हुन्छ भन्थे उनी। इतिहास लोकव्यवहारमा र राज्य सञ्चालन कार्यमा पनि कुशलता प्रदान गर्ने भएकाले नभई नहुने विद्या भएको उनको भनाइ थियो।

दिनेशराज पन्तले प्रामाणिक ढंगले इतिहासका अनेक विषय खोतल्ने अनुसन्धानकर्ताका रूपमा ज्ञानमणि नेपाललाई नेपालीले चिनिरहने बताए। उनले यसका साथै संस्कृति, संस्कृत बाङ्मय र नेपाली साहित्यातिहासको पनि नेपालसँग गहिरो ज्ञान भएको जानकारी दिए।

'सम्झनै पर्ने कुरा बुबा नयराज पन्तले जुन गुरुकुलको जुन पद्धति चलाउनुभयो त्यसमा बुबाको चेलो बनेर सिक्दै गुरुकुल पद्धतिको प्रामाणिक मान्छे बन्नुभयो ज्ञानमणि', नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वप्राज्ञपरिषद् सदस्य पन्तले अन्नपूर्णसँग भने, '१९८८ सालमा जन्मिएका धनबज्र बज्राचार्य र एक वर्षपछि जन्मिएका ज्ञानमणि दुवै इतिहास लेखनमा सक्रिय नाम। दुईबीच गहिरो मित्रता थियो। धनबज्र स्वर्गीय भएको ३० वर्ष पुग्छ तर ज्ञानमणि २०८० सालको अन्तिम समयसम्म निरन्तर अनुसन्धान र लेखनमा सक्रिय हुनुभयो, त्यो पनि कसैसँग मलमोलाइजा नगरी। जीवनभर मात्र काम गर्नुभयो।'

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग:ले इतिहास र संस्कृतिमा पारंगत व्यक्तित्वका रूपमा ज्ञानमणि नेपाललाई सम्झिए। 'प्रज्ञा प्रतिष्ठानमा हुँदा पनि अनुसन्धानमा लागिपर्ने शालीन मानिस लाग्नुहुन्थ्यो, उहाँको सौहार्द्रता न्यानो छ, बाक्लो छ', ग्वंग:ले भने, 'उहाँको मूल विशेषता भनेकै अत्यन्तै अनुसन्धानमूलक र विश्लेषणात्मक किताबहरू लेख्नुभयो।' उनका अनुसार सरकारले राष्ट्रका लागि योगदान दिने ज्ञानमणिजस्ता बौद्धिक व्यक्तित्वलाई प्राथमिकताका साथ सेवासुविधा दिनुपर्ने भए पनि राजनीतिक व्यक्तित्वहरूलाई भने अनेक सुविधा दिन्छ। उनले थपे, 'सरकारले ज्ञानमणि नेपालका श्रीसम्पत्तिहरूलाई जोगाइदिए हुन्छ। उहाँका सामग्री जगेर्ना गरे राष्ट्रकै धन हो। पाण्डुलिपीहरू जस्ताको तस्तै प्रकाशन गर्ने व्यवस्था गर्दिए उत्तम।'

कुलपतिलाई भेट्ने इच्छा जाहेर गरेपछि केही दिनअघि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राई नेपाललाई भेट्न सदस्यसचिव डा. धनप्रसाद सुवेदीसहित मनमोहन अस्पताल पुगेका थिए। 'म आएँ भनें। अब निको हुनुपर्छ भन्दा उहाँ प्रफुल्ल हुनुभयो', राईले कामविशेषले आफूलाई खोजेको दुई दिनपछि पुगेको जानकारी दिँदै भने, 'बोल्न खोज्नुभयो तर उहाँमा शब्द नै बाहिर निस्कन सकेन।'

साहित्यकार शैलेन्दुप्रकाश नेपालले ठूलोबुबा पर्नुहुने ज्ञानमणिले नेपाली इतिहासको प्रमाणीकरण गरेर राष्ट्रलाई गुन लगाएको बताए। 'नयराज पन्तको गुरुकुल पद्धतिमा रहँदा इतिहास संशोधन मण्डलबाट 'पूर्णिमा' पत्रिका निस्कन्थ्यो। नेपालको अभिलेखीय इतिहास कहाँ कमजोर छन्, सत्य तथ्य खोजेर संशोधन गर्दै जाने काम हुन्थ्यो शिष्य बनेर' उनले भने, 'इतिहासको केन्द्रीयताका सामाजिक, सांस्कृतिक राजनीतिक सन्दर्भहरूमा लेख्दै ज्ञानमणि नेपालको जीवन बित्यो तर उहाँले देश र नेपालीलाई धेरै दिनुभयो।'

» बाँकी पृष्ठ ६